नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: २०७८/०३/०६

# जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी निषेधाज्ञा

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०३/०७ गते राति १२.०० वजे देखि मिति २०७८/०३/१४ गते राति १२.०० वजे सम्म लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

## क. संचालन गर्न नपाइने कार्यहरुः

**१. सभा सम्मेलन, व्यवसाय तथा नित्य पूजाको हकमाः**

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, चिडियाखाना, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न गराउन नपाइने ।

ग. फुटपाथ तथा खुल्ला ठाउँमा संचालन हुने बिभिन्न व्यापार व्यवसायमा संचालनमा रोक लगाउने।

घ. तोकिएको तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल/बाटोमा तरकारी तथा फलफूल बिक्री वितरण गर्न रोक लगाउने ।

ङ. विवाह, व्रतबन्ध तथा सामुहिक रुपमा गरिने सांस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने ।

च. पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक तथा साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने।

२. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन तथा परीक्षाहरु संचालन गर्न गराउन नपाउने ।

**३. सार्वजनिक सवारी साधनहरुको हकमाः**

क. सार्वजनिक सवारी साधन मिति २०७८/०३/०७ गते राति १२.०० बजेदेखि २०७८/०३/१४ गते राति १२:०० बजेसम्म संचालनमा रोक लगाउने।

ख. अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरूवा (२ जना) बोकेका एम्वुलेन्स, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र अन्य जिल्लाबाट सवारी पास लिई आएका बाहेक अन्य सवारी साधन ललितपुर जिल्ला प्रवेशमा रोक लगाउने ।

०७८/०३/०६
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ....................................

**ख. संचालन गर्न सकिने कार्यहरुः**

१. **सर्वसाधारणको आवतजावतको हकमाः**

क. घरबाट बाहिर निस्किदा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

२. **शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमाः**

क. शैक्षिक संस्थाहरुले अनलाइन तथा भर्चुअल माध्यमबाट पठन पाठन कार्यहरु सञ्चालन गर्न सक्ने ।

ख. वैदेशिक अध्ययनमा जानु पर्ने विद्यार्थीहरु, EDV परेका व्यक्ति तथा कुटनैतिक नियोगबाट संचालन हुने परीक्षा तथा भिसा अन्तवार्ताका कार्यहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्ने गरी संचालन गर्न सक्ने।

ग. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य कामदारहरु कार्यस्थलमा रहने गरी तोकिएको समयमा सामग्रीहरु ढुवानी तथा स्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने।

३. **ओषधि तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्य सामग्री तथा अन्य व्यापार व्यवसायको हकमाः**

क. ओषधि तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रुपमा संचालन गर्ने ।

ख. खाद्यान्न, दुध तथा दुग्ध जन्य पदार्थ, फलफूल, तरकारी, माछा मासु, पुजा सामग्री विक्रि वितरण गर्ने पसलहरु, खेलकुद सामग्री पसल, डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र), स्टेशनरी/पुस्तक पसलहरु बिहान ११ बजेसम्म संचालन गर्न पाउने।

ग. डिपार्टमेन्टल स्टोल (ग्रोसरी बाहेक), सपिङ्ग मल र खेलकुद सामग्री पसल, कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग सोमबार, बुधबार र शुक्रबार बिहान ११ बजे देखि अपरान्ह ४ बजेसम्म संचालन गर्ने।

घ. सुन पसल, भाँडा, भान्सा जन्य, विद्युतीय घरायसी सामग्री, अटोमोबाइल शोरुम, अटोमोबाइल पार्टस् पसल, इलेक्ट्रोनिक पसल (मोबाइल तथा कम्प्यूटर पसल) आइतबार, मंगलबार र बिहीबार बिहान ११.०० बजे देखि अपरान्ह ४.०० बजे सम्म संचालन गर्ने ।

ङ. निर्माणजन्य सामग्रीको पसल (हार्डवेयर पसल, बिजुलीका सामान, स्यानिटरी पसल, टायल, मार्बल, फर्निचर, कार्पेटिङ्ग) दैनिक बिहान ११.०० बजे देखि अपरान्ह ६.०० बजेसम्म संचालन गर्न पाउने ।ठूलो परिमाणको ढुवानी राति मात्र गर्ने ।

च. पसल तथा व्यवसाय संचालन गर्दा कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने । यदि तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्ने ।

छ. अत्यावश्यक वस्तुहरुको अनलाईन तथा टेक अवे सेवा होम डेलिभरी प्रयोजनका लागि यस जिल्ला भित्र साँझ ७:०० बजेसम्म संचालन गर्ने ।

ज. सवारी साधन मर्मतका लागि वर्कशपहरु बेलुका ७:०० बजे सम्म संचालन गर्ने।

०७८/०२/०६

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ..................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

४. विवाह तथा व्रतबन्धको हकमाः

क. विवाह तथा ब्रतबन्धको हकमा बढीमा १० जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ख. विवाह वा व्रतबन्धको हकमा २ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

५. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमाः

क. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध (ओषधि, अक्सिजन सिलिण्डर), दूरसंचार, इन्टरनेट मर्मत, कार्गो, कुरियर तथा डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानीका साधनहरुमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी संचालन गर्ने ।

ख. स्वास्थ्यकर्मी, पशुस्वास्थ्यकर्मी, एम्बुलेन्स, बिरामी बोकेको सवारी साधन तथा स्वास्थ्य सामग्री ढुवानी गर्ने सवारी साधन स्वास्थ्य मापदण्ड पालना गरी परिचय पत्रका आधारमा संचालन गर्ने ।

ग. निजी सवारी साधन (कार, जीप, भ्यानमा बढीमा चारजना), ट्याक्सीमा बढीमा तीनजना र मोटरसाइकल/स्कुटर समेत जोर बिजोर प्रणाली लागू (जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर) गरी संचालन गर्ने ।

घ. सरकारी, सार्वजनिक संस्थान, कुटनीतिक नियोग, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, कृषि, मल, बिउ विजन, पशु चिकित्सक लगायत अत्यावश्यक सेवा प्रदायक सवारी साधनहरु निर्बाध रुपले संचालन गर्ने।

ङ. तरकारी, फलफूल, खाद्यान्न, दूध तथा दूग्धजन्य पदार्थ र सोको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ, भेटनरी सम्बन्धी कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग गरिने मास्क/साबुन/स्यानिटाइजर, प्रिन्ट तथा सरकारी छापाखाना र कृषि कार्यमा प्रयोग हुने मल, वीउ लगायतका सामग्री ढुवानीका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी राति ०८:०० बजे देखि बिहान ११:०० बजे सम्म न्यूनतम जनशक्ति प्रयोग गरी संचालन गर्ने ।

च. सार्वजनिक तथा निजी निर्माण कार्यको लागि निर्माण सामग्री ढुवानी बेलुका ९.०० बजे देखि बिहान ५.०० बजे सम्म संचालन गर्ने।

छ. भन्सार विन्दुबाट Exit Note जारी भएका मालवाहक सवारी साधन तथा सम्बन्धित भन्सार प्रमुखले मालसामान छुटाउन भनी रुट खुलाई अनुमति स्वीकृति प्रदान गरेका त्यस्ता मालसामान छुटाउने भन्सार एजेन्ट तथा कर्मचारीलाई अनुमतिमा उल्लेख गरेको दिन र स्थानसम्म आवतजावत गर्न पाउने ।

ज. विदेश जाने यात्रुहरुले अन्तर्राष्ट्रिय उडानबाट आवतजावत गर्दा हवाई टिकट, पासपोर्ट, भिसा आदिका आधारमा जिल्ला प्रवेश गर्न दिइने।

झ. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना तथा प्रसारण विभागको प्रेस पासका आधारमा आवत जावत गर्ने। सूचना तथा प्रसारण विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा आधिकारिक निकायमा दर्ता भएको सम्बन्धित संचार गृहको परिचयपत्रका आधारमा आवत जावत गर्न सकिने ।

ईश्वरी
०७८।२।०६
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ......................................

६. सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाको हकमाः

क. विकास निर्माण र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित सबै सरकारी कार्यालयहरुले स्वास्थ्य मापदण्डहरुको पालना हुने व्यवस्था मिलाई आलो पालो प्रणाली कायम गरी न्यूनतम जनशक्ति मात्र प्रयोग गरी सेवा प्रवाह गर्ने।

ख. बैंक, वित्तीय संस्था, धितोपत्र, बीमा, रेमिट, सहकारी, गैर सरकारी संस्थाहरु स्वास्थ्य मापदण्ड पालना तथा न्यूनतम जनशक्ति परिचालन गरि भीडभाड कम हुने गरि संचालन गर्ने।

७. यस अघि जारी गरिएका सम्पूर्ण सवारी पास खारेजी गरिएको छ । अति आवश्यक वाहेक सवारी पास जारी हुने छैन ।

८. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ ।

०७८।०३।०६

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी